# महाभारत गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः१० सङ्ख्याः३ मितिः२०८३/०३/२१

## भाग-२

महाभारत गाउँपालिका

# महाभारत गाउँपालिकाको विनियोजन ऐन, २०८३

महाभारत गाउँपालिका, काभ्रेपलाञ्चोकको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन सभामा पेस गरिएको मिति : २०८३।०३।१०

**प्रस्तावना :** महाभारत गाउँपालिका, काभ्रेपलाञ्चोक २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ को उप-धारा (२) बमोजिम महाभारत गाउँपालिका, काभ्रेपलाञ्चोकको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "महाभारत गाउँपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ । (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८३/८४** को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०८३/८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ..........।- (अक्षेरूपी .............................. रुपैयाँ मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त महाभारत गाउँपालिका, काभ्रेपलाञ्चोकको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा

बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ। (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्नु परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

**अनुसूची-१**

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२१ (२) बमोजिम संचित कोषबाट विनियोजन हुने रकम**

| क्र.सं. | बजेट शीर्षक स्रोत | रकम (रु.) | अक्षेरुपी |
|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान (संघ) | ८,४८,००,००० | आठ करोड अड्चालिस लाख रुपैयाँ मात्र। |
| २ | सशर्त अनुदान चालु (संघ) | २१,२०,००,००० | एक्काइस करोड बीस लाख रुपैयाँ मात्र। |
| ३ | सशर्त अनुदान पुँजीगत (संघ) | ३५,००,००० | पैंतिस लाख रुपैयाँ मात्र। |
| ४ | विशेष अनुदान (संघ) | २,५०,००,००० | दुई करोड पचास लाख रुपैयाँ मात्र। |
| ५ | समपूरक अनुदान (संघ) | २,५२,००,००० | दुई करोड बाउन्न लाख रुपैयाँ मात्र। |
| ६ | राजस्व बाँडफाँड अनुमानित (संघ) | ८,९१,४७,००० | आठ करोड एकान्नब्बे लाख सतचालीस हजार रुपैयाँ मात्र। |

| | | | |
|---|---|---|---|
| ७ | समानीकरण अनुदान (प्रदेश) | ७१,३८,००० | एकहत्तर लाख अठतिस हजार रुपैयाँ मात्र। |
| ८ | सशर्त अनुदान चालु (प्रदेश) | ४१,०४,००० | एकचालिस लाख चार हजार रुपैयाँ मात्र। |
| ९ | सशर्त अनुदान पुँजीगत (प्रदेश) | ४०,००,००० | चालिस लाख रुपैयाँ मात्र। |
| १० | विशेष अनुदान (प्रदेश) | ७०,००,००० | सत्तरी लाख रुपैयाँ मात्र। |
| ११ | समपूरक अनुदान (प्रदेश) | ३,६०,००,००० | तीन करोड साठी लाख रुपैयाँ मात्र। |
| १२ | प्रदेश राजस्व बाँडफाँड कर अनुमानित | ३,२१,१०,६५० | तीन करोड एक्काइस लाख दश हजार छ सय पचास रुपैयाँ मात्र। |
| १३ | आन्तरिक आय अनुमान | ६१,००,००० | एक्सठ्ठी लाख रुपैयाँ मात्र। |
| १४ | गत वर्षको बैंक नगद तथा मौज्दात | १३,२८,९८,००० | तेह्र करोड अठ्ठाइस लाख अन्ठानब्बे हजार रुपैयाँ मात्र। |
| | कूल अनुमानित | ६६,८९,९८,६५० | छैसठ्ठी  करोड उन्ननब्बे लाख अन्ठानब्बे हजार छ सय पचास रुपैयाँ मात्र। |

महाभारत गाउँपालिका

**आज्ञाले,**

**नारायण प्रसाद खनाल**

**प्रमुख प्रशासकीय अधिकृत**